# डिभिजन वन कार्यालय, पाल्पा

## सिलबन्दी दरभाउपत्र आव्हानको विस्तृत सूचना

**सुचना नं. ०३/०७८/०७९, प्रथम पटक प्रकाशित मिति : २०७८/१०/१४**

**डिभिजन वन कार्यालय** पाल्पाबाट तपसिलमा उल्लेखित कार्य सिलवन्दी दरभाउपत्रबाट गर्नु गराउनुपर्ने भएकोले इच्छुक फर्म, उद्योग, कम्पनि र इजाजतपत्र प्राप्त नेपाली निर्माण व्यवसायिबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

१) यो सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र चालु आ.व. को लागि नविकरण भएको फर्म दर्ता प्रमाण पत्र, स्थाई लेखा दर्ता प्रमाण पत्र, मुल्य अभिवृद्धि करको दर्ता प्रमाण पत्र एबं आ.व. ०७७/०७८ सम्मको कर चुक्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदन पेश गरि रु १,०००/- अक्षरुपी एक हजार रुपैंया मात्र (फिर्ता नहुने) को रा.वा. बैंक पाल्पा, खाता नं.: १०००२०००१००००, राजश्व शिर्षक नं.: १४२२९ मा यस कार्यालयको नाममा (कार्यालय कोड नं.३२९०१५००१५) राजश्व रकम बुझाई सो समेत संलग्न राखि दरभाउ पत्र फाराम यस कार्यालय वा वन निर्देशनालय, भैरहवा, रुपन्देहीबाट खरिद गर्न सकिने छ ।

२) खरिद गरिएको दरभाउपत्रहरु यो सुचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयको नाममा सम्वोधन गरि खामको बाहिर कामको विवरण, ठेक्क नम्बर, दरभाउपत्र पेश गर्नेको नाम, ठेगाना, र फोन नं. उल्लेख गरि आधिकारिक सहिछाप गरि सिलबन्दी लाहा छाप लगाई यस कार्यालयको प्रशासन फाँट र वन निर्देशनालय, भैरहवा, रुपन्देहीमा दर्ता गराई सक्नु पर्ने छ ।

३) दरभाउपत्र दाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो कुनै स्वार्थ नबाझिएको, सम्बन्धीत पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजाय नपाएको, कालो सूचिमा नपरेको भनि लिखित रुपमा घोषणा गरेको कागजात सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।

४) सिलबन्दी दरभाउपत्रसाथ जमानत वापतको तपसिलमा उल्लेखित रकम धरौटी खाता नं. ३०३०१००२०२०३०००० को.ले.नि.का., पाल्पा मा रकम दाखिला गरेका सक्कलै भौचर वा यस कार्यालयको नाममा जारी गरिएको सिलबन्दी दरभाउ पत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी कम्तीमा ९० दिन अवधि (Validity) रहेको सक्कल बैंक जमानीपत्र संलग्न गरी पेश गर्नुपर्नेछ ।

५) दररेट अंक र अक्षरमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

६) सिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको २ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रहोवरमा **डिभिजन वन कार्यालय** पाल्पाको कार्यालयमा खोलिनेछ तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

७) दरभाउ पत्र खरिद तथा दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदाको पछि कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

८) म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

९) एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

१०) कुनै पनि कारण जनाई ना नजनाई सम्पूर्ण वा आंशिक दरभाउ पत्र स्वीकृत गर्ने वा रद्ध गर्ने अधिकार **डिभिजन वन कार्यालय, पाल्पामा** सुरक्षित रहनेछ तथा उल्लेखित शर्तहरु रीतपूर्वक नभएको दरभाउपत्र स्वत खारेज हुनेछ ।



डिभिजनल वन अधिकृत
(प्र.)

११) सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ । सिलबन्दी दरभाउ पत्र सम्बन्धि अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र कार्यालयमा आई बुझ्न सकिने छ वा यस कार्यालयको वेवसाईट www.dfopalpa.gov.np मा हेर्न सकिनेछ ।

**तपसिल**

| सि.नं | ठेक्का नं. | कामको विवरण/स्थान | कुल ल.ई रकम रु. (कन्टिजेन्सी र मू.अ.क. बाहेक) | कुल ल.ई.(कन्टिजेन्सी र मू.अ.क. समेत) | धरौटी रकम रु. | बोलपत्र खरिद दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | DFOPALPA/1/2078/079 | Sub division building construction work Phase-1, Nisdi, Palpa | १७,०९,३५५.०९ | १९,९९,९४५.४६ | ६०,०००/० | १०००/० |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, पाल्पा
तानसेन

..................
दिपक ज्ञवाली
डिभिजनल वन अधिकृत
रा.प.द्वि. (प्रा.)